# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ उपदफा (३) बमोजिमको आ.व. २०८२/८३ को दोस्रो त्रैमास (पौष मसान्तसम्म) को विवरण

१. **निकाय को स्वरुप र प्रकृती :**
तत्कालिन कम्पनी ऐन, २०५३ बमोजिम संस्थापना र तत्कालिन बीमा ऐन, २०४९ बमोजिम बीमा समिति (हालको नेपाल बीमा प्राधिकरण) बाट जीवन बीमा सम्बन्धी कारोवार संचालन गर्न ईजाजत प्राप्त बीमा कम्पनी । जीवन बीमा व्यवसायको कारोवार २०५८ साल बैशाख २१ गते बाट शुरु गरिएको । हाल कम्पनीको अधिकृत पूँजी रु १० अर्ब र चुक्ता पूँजी रु ९,०२,८७,६३,२०९/- रहेको ।

२. **निकायको काम, कर्तव्य र अधिकार :**
बीमा ऐन, २०७९, कम्पनीको प्रबन्ध पत्र/नियमावली र अन्य प्रचलित कानूनमा व्यवस्था भए बमोजिमका काम, कर्तव्य र अधिकार ।

३. **निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण :**
यस कम्पनीमा हाल कार्यरत कर्मचारी संख्या ७०१ (करार तथा आउटसोर्स सहित) रहेको छ र विभिन्न पदमा कार्यरत कर्मचारीहरु मार्फत कम्पनीले तोकेको कार्यहरु भईरहेको । व्यवस्थापन समूहको नाम र पद कम्पनीको वेवसाईट www.nepallife.com.np बाट जानकारी लिन सकिने ।

४. **निकायबाट प्रदान गरिने सेवा :**
कम्पनी ऐन, २०६३, बीमा ऐन, २०७९ र अन्य प्रचलित कानून अन्तर्गत रहि जीवन बीमा सेवा प्रदान गर्ने ।

५. **सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी :**
प्रधान/प्रदेश/शाखा/उपशाखा कार्यालयहरु र जिम्मेवार अधिकारीको विवरणहरु कम्पनीको वेबसाईटबाट जानकारी लिन सकिने ।

६. **सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :**
कम्पनीले प्रदान गर्ने विभिन्न सेवाको शुल्क तथा सो सम्बन्धी आवश्यक अन्य सम्पुर्ण विषयवस्तुहरु यस कम्पनीको वेवसाइटमा जानकारीको लागि राखिएको ।

७. **निर्णय गर्ने प्रक्रिया र अधिकारी :**
कारोवारका सम्वन्धमा शाखा प्रवन्धक, प्रादेशिक कार्यालय प्रमुख, विभागीय प्रमुखका अतिरिक्त उच्च पदस्थ व्यवस्थापन पदाधिकारीहरु प्रमुख निर्णयकर्ताका रुपमा रहेको । कम्पनीको दैनिक कार्य सञ्चालनसँग सम्वन्धित विषयमा प्रमुख कार्यकारी अधिकृत तथा कम्पनीको समष्टिगत कार्य संचालनसँग सम्वन्धित विषयमा रांचालक समिति अन्तिम निर्णयकर्ताको रुपमा रहेको ।

८. **निर्णय उपर उजुरी सुन्ने अधिकारी :**

ग्राहकहरुको गुनासो/उजुरी सुन्नका लागि निम्न बमोजिम गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ ।

नामः श्री ओमप्रकाश पुडासैनी
पदः वरिष्ठ सहायक महाप्रबन्धक
फोन नंः ०१-५९७०५९२

प्रधान कार्यालय



RTI: Q2 of FY 2082/83

९. **सम्पादन गरेको कामको विवरण :**
कम्पनी ऐन, २०६३, बीमा ऐन, २०७९ र अन्य प्रचलित कानून अन्तर्गत रहि जीवन बीमा सेवा प्रदान गरिएको । प्रचलित ऐन कानून अनुसार प्रकाशित र सम्बन्धित निकायमा पेश गर्नुपर्ने भनिएका विवरणहरु नियमित रुपमा सम्पन्न गरिएको ।

१०. **सूचना प्रमुख र अधिकारीको नाम र पद :**
यस कम्पनीका कार्यकारी प्रमुखको विवरण निम्न बमोजिम रहेको छ ।

| | |
|---|---|
| नाम : | **श्री प्रवीण रमण पराजुली** |
| पद : | प्रमुख कार्यकारी अधिकृत |

यस कम्पनीको सूचना अधिकारीको नाम, पद निम्नानुसार रहेको छ ।

| | |
|---|---|
| नाम : | **विनोद कुमार भुजेल** |
| पद: | कम्पनी सचिव |
| फोन नं: | ०१-५९७०५९२/०१-५९७०९७१ |

११. **ऐन, नियम, विनियम र निर्देशिकाको सूची :**
कम्पनीले व्यवसाय संचालनका क्रममा देहाय बमोजिमका ऐन, नियम, विनियम वा निर्देशिकाहरु पालना गर्ने गरेको ।

१. बीमा ऐन, २०७९ तथा बीमा नियमावली, २०८१
२. कम्पनी ऐन, २०६३
३. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४
४. धितोपत्र सम्बन्धी ऐन, २०६३
५. मुलुकी देवानी संहिता, २०७४
६. विनिमय अधिकारपत्र ऐन, २०१९
७. बीमकको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०८०
८. नेपाल बीमा प्राधिकरणको सम्पूर्ण निर्देशिका, परिपत्रहरु
९. जीवन बीमासँग सम्बन्धित अन्य प्रचलित नेपाल कानुन ।

१२. **आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरण :**
कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी त्रैमासिक विवरणहरु राष्ट्रिय स्तरको पत्रपत्रिकामा प्रकाशित हुँदै आएको । साथै, सो सम्बन्धी विवरण कम्पनीको वेवसाईटमा समेत राखिएको ।

१३. **तोकिए बमोजिमका अन्य विवरण :**
अन्य विवरण नभएको ।

१४. **अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना संचालन गरेको भए सो को विवरण:**
यस कम्पनीले जीवन बीमा सम्बन्धी कार्यक्रम/कारोवार गर्दै आएको तर विशेष प्रकारको कुनै कार्यक्रम वा आयोजना संचालन नगरेको ।

१५. **सार्वजनिक निकायको वेवसाइट भए सो को विवरण :**
यस कम्पनीको वेवसाइट www.nepallife.com.np रहेको ।

प्रधान कार्यालय

१६. **सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धी विवरण :**
नभएको ।

१७. **सार्वजनिक निकायले संचालन गरेको कार्यक्रम र सोको प्रगति प्रतिवेदन :**
यस कम्पनीले जीवन बीमा कारोवार सम्बन्धी कार्य गर्दै आएको । अन्य विशेष प्रकारको कुनै पनि कार्यक्रम वा आयोजना संचालन नगरेको । कम्पनीको त्रैमासिक/वार्षिक व्यावसायिक कारोवार/प्रगती प्रतिवेदन/विवरण कम्पनीको वेवसाईटबाट प्राप्त गर्न सकिने ।

१८. **सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि :**
यस कम्पनीले सूचनाको कुनै वर्गिकरण नगरेको । सूचनामा अनाधिकृत पहुँच र सोको अनाधिकृत प्रशारण नहुने गरि प्रचलित कानुन बमोजिम सूचनाको संरक्षण गरिएको ।

१९. **सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय ।**
यस आर्थिक वर्षको दोस्रो त्रैमासमा सूचना माग सम्बन्धी एक निवेदन प्राप्त भएको र सो सम्बन्धमा जानकारी दिइएको ।

२०. **सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण :**
यस कम्पनीले आफ्नो वार्षिक विवरणहरु पुस्तकको रुपमा तथा कम्पनीको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको । साथै, कम्पनीको आर्थिक विवरणहरु त्रैमासिक रुपमा राष्ट्रिय स्तरको पत्रपत्रिका र कम्पनीको वेवसाइटमा समेत प्रकाशित गर्दै आएको ।

२०८२.१०.०६

(सूचना अधिकारी)

प्रधान कार्यालय